**नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान**
**जावलाखेल, ललितपुर**
**होटेल सेवा खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना**
(सूचना प्रकाशित मितिः २०८३/०१/१६)

यस प्रतिष्ठानद्वारा देशका देहाय बमोजिमका स्थानहरूमा सञ्चालन हुने विभिन्न प्रशिक्षण/सेमिनारहरुका लागि एकै पटक कम्तिमा पैतिस सहभागीहरूका लागि आवासीय रुपमा संचालन गर्न सक्ने क्षमता(पूर्ण आवासीय तथा सेमिनार हल) भएको होटल सेवा खरिद गर्नुपर्ने भएकोले उक्त स्थानहरूमा सेवा उपलब्ध गराउन इजाजत प्राप्त इच्छुक होटल/रिसोर्टहरूको लागि सिलबन्दी प्रस्ताव आह्वान गरिएको छ। प्रस्ताव फारममा उल्लेखित कार्यक्षेत्रगत शर्तहरूको अधीनमा रही एकल चरण, दुई खाम (**Single Stage Two Envelope)** विधिबाट प्रस्ताव पेश गर्नुपर्नेछ। इच्छुक होटल/रिसोर्टहरूले प्रस्ताव फारम बापत रु. १,००० (एक हजार रुपैयाँ मात्र) तिरी प्रस्ताव फारम खरिद गर्न सक्नेछन्, र प्रस्ताव फारम (प्राविधिक तथा आर्थिक) खरिद गर्दा आधिकारिक पत्र, दर्ता प्रमाण—पत्र, मूल्य अभिवृद्धि कर (**VAT)** दर्ता प्रमाण—पत्र तथा आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता प्रमाण—पत्र अनिवार्य रूपमा पेश गर्नुपर्नेछ। यस सम्बन्धी थप जानकारीका लागि यस प्रतिष्ठानको खरिद एकाइमा सम्पर्क राख्न अनुरोध गरिन्छ।

| शहर तथा स्थान | खारिदको विवरण | फारम खरिद अन्तिम मिति र समय | फारम बुझाउने अन्तिम मिति र समय | प्राविधक फारम खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|
| नगरकोट, धुलिखेल, चितवन, पोखरा, बर्दिबास,जनकपुर,भैरहवा, विराटनगर, नेपालगञ्ज, धनगढी | होटेल सेवा | २०८३/०१/३० गते कार्यालय समय भित्र | २०८३/०१/३१ दिनको १२:०० बजे भित्र | २०८३/०१/३१ दिनको १२:१५ बजे |